श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं. ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०३९।४० को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले राष्ट्र ऋण उठाउन सक्ने अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ । ३६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. राष्ट्र ऋण उठाउने अधिकार : (१) आर्थिक वर्ष २०३९।४० को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले एक अरब रुपैयाँमा नबढ्ने गरी जम्मा त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ ।

(२) उप-दफा (१) अन्तर्गत उठाइएको राष्ट्र ऋणको साँवा र ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०१७ बमोजिम हुनेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति:– २०३९।७।३।४

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।